कार्यपालिका बैठक संख्या :- ११०

बैठक मिति :- २०७८।०८।०२

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

चालु आ.ब.२०७८।०७९ को लागि ढुंगा, गिट्टी, बालुवा, भरौट समेतको ठेक्का प्रक्रियाबाट आय असुली गर्ने सम्बन्धमा अघिल्लो आ.ब. २०७७।०७८ मा भएको प्रारम्भिक वातावरण परिक्षण अनुसार बुढी खोलामा जम्मा ८०४४४.३४ घन मिटर रहेकोमा बन क्षेत्र भित्र पर्ने २१००२.९ घनमिटर घटाई हुन आउने ५९४४१.४४ घनमिटरको रु.८३,९६,६९७।८१ (त्रियासी लाख छयानब्बे हजार छ सय सन्तानब्बे रुपैया एकासी पैसा) न्यूनतम आय मुल्य कायम गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

चालु आ.ब.२०७८।०७९ को लागि कवाडी करको ठेक्काको लागि प्रथम पटक सूचना प्रकाशित भएकोमा एक मात्र फर्मबाट दरखास्त परेको र उक्त फर्मले पनि ठेक्का सकार नगरेको हुँदा उक्त फर्मले राखेको धरौटी रकम जफत गरी प्रथम पटक प्रकाशित भएको रकममा ३३ प्रतिशत कम गरी ठेक्का अंक कायम गरी पुनः सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

अघिल्लो आ.ब.२०७७।०७८ मा यस उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने विभिन्न साप्ताहिक हाटबजारहरु तथा सवारी पार्किङ्ग सरसफाई शुल्क ठेक्का विभिन्न फर्महरुबाट ठेक्का अंक कबोल गरी ठेक्का लिएकोमा कोभिड १९ का कारण नेपाल सरकारबाट २०७८ बैशाख १७ देखि असार मसान्त सम्म भएको निषेधाज्ञाका कारण ठेक्का संचालन हुन नसकेको समयको दामासायीका दरले राजश्व परामर्श समितिको निर्णयबाट भएको फिर्ता दिने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यही मिति २०७८।७।१ र २ गते परेको अविरल बर्षाका कारण आएको भिषण बाढीबाट भएको भौतिक क्षति तथा खोला कटान नियन्त्रण तथा रोकथामका लागि आवश्यक तारजाली, ढुंगा, बोरा, बास खरिदका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

यही मिति २०७८।७।१ र २ गते परेको अविरल बर्षाका कारण आएको भिषण बाढीबाट भएको कृषकहरुको कृषि बाली तथा पशुपन्छीहरुको क्षतिको विवरण संकलन गरी राहत वितरणको लागि मिति २०७८।०८।०२ गते नगरप्रमुखज्यूबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस उपमहानगरपालिकाको बा १ भ्क ८९९६ नम्बरको पिकअप भेनले मिति २०७७०७१८ गते धरान ८ स्थित कोशी लोकमार्गमा को २९ प ९ नम्बरको स्कुटी संग दुर्घटना भई घाइतेका तर्फबाट थप क्षतिपूर्ति बापत रकम माग गरी सुनसरी जिल्ला अदालतमा मुद्धा दायर भई उक्त गाडीका चालक श्री कृष्ण चौधरीले अदालतबाट रिहा हुँदा धरौटी बापत राखेको रु.५० हजार न्यायिक समितिको खर्च शिर्षकबाट सोधभर्ना दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस उपमहानगरपालिकाका विज्ञ सल्लाहाकार सदस्य श्री ओम कोइरालाको मिति २०७८।०६।२९ गतेका दिन मृत्यु भएको हुँदा मृतक प्रति हार्दिक समवेदना व्यक्त गर्दै शोक सन्तब्ध परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौ ।

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner